# <u>नेपालको संविधानलाई संशोधन गर्न बनेको विधेयक</u>

<u>प्रस्तावना</u> : नेपालको संविधानलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो संशोधन जारी गरेको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस संशोधनको नाम "नेपालको संविधान (दोस्रो संशोधन), २०७७" रहेको छ ।

(२) यो संशोधन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>नेपालको संविधानको अनुसूची-३ मा संशोधन</u>** : नेपालको संविधानको धारा ९ को उपधारा (२) सँग सम्बन्धित अनुसूची-३ को सट्टा यसैसाथ संलग्न भए बमोजिमको अनुसूची-३ राखिएको छ ।

“अनुसूची-३

(धारा ९ को उपधारा (२) सँग सम्बन्धित)

<u>नेपालको निशान छाप</u>




<u>द्रष्टव्य</u> : यो निशान छाप आवश्यकता अनुसार ठूलो वा सानो आकारको बनाउन सकिनेछ । त्यसमा नेपाल सरकारबाट निर्धारित रंगको प्रयोग हुनेछ ।”

# नेपालको संविधानलाई संशोधन गर्न बनेको विधेयकको तीन महले विवरण

| मौजुदा व्यवस्था | संशोधनको लागि प्रस्तावित व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
| --- | --- | --- |
| अनुसूची-३<br>(धारा ९ को उपधारा (२) सँग सम्बन्धित)<br>नेपालको निशान छाप<br><br><br>द्रष्टव्य : यो निशान छाप आवश्यकता अनुसार ठूलो वा सानो आकारको बनाउन सकिनेछ । त्यसमा नेपाल सरकारबाट निर्धारित रंगको प्रयोग हुनेछ ।” | अनुसूची-३<br>(धारा ९ को उपधारा (२) सँग सम्बन्धित)<br>नेपालको निशान छाप<br><br><br>द्रष्टव्य : यो निशान छाप आवश्यकता अनुसार ठूलो वा सानो आकारको बनाउन सकिनेछ । त्यसमा नेपाल सरकारबाट निर्धारित रंगको प्रयोग हुनेछ ।” | नेपालको संविधानको अनुसूची-३ मा रहेको नेपालको निशान छाप भित्र अंकित नेपालको नक्सालाई नेपालको वास्तविक सीमा अनुरुप मिलाउन आवश्यक भएकोले । |